विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस ०४ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 December 19 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ११३

# हुन्डी कारोबारेको नाममा सर्वसाधारणलाई हैरानी

प्रस, वीरगंज, ३ पुस/

पर्सा प्रहरीले असली हुन्डी गर्नेहरूलाई छाडेर नक्कली व्यक्तिहरूलाई पक्राउ गर्न थालेपछि अहिले वीरगंजमा वास्तविक हुन्डी कारोबारीहरूको रजगज चलेको छ। पैसासहित पक्राउ परेका जोकोहीलाई पनि हुन्डी कारोबारी भन्दै मुद्दा लगाउने तर अदालतलाई चाहिने प्रमाण नहुँदा उनीहरू छुटने गरेका छन् ।

यसो गर्दा हुन्डी कारोबारीबाहेकका सर्वसाधारण नागरिक आतङ्कित बनेका छन्। कानून व्यवसायीका अनुसार प्रहरीले बाटोबाट पक्राउ गरेका जोकोहीमाथि मुद्दा लगाएपछि कुनै पनि आर्थिक कारोबारी भएको दाबी गर्दै अदालतमा पुगेका व्यक्तिहरू कारोबारी ठहर हुन नसक्ने भन्दै अदालतले दजनौं मानिसको फाइल फिर्ता पठाएको छ ।

समाचार स्रोतका अनुसार वास्तविक हुन्डी कारोबारीहरू अहिले वीरगंजमा करोडौंको कारोबार गरिरहेकै छन् । उनीहरूले दैनिक लाखौं कर छली गरे पनि त्यसतर्फ कारबाई गर्ने निकायको ध्यान जान सकेको छैन ।

विगतमा पर्सा प्रहरीले नगरका कारोबारका लागि रकम लिएर हिंड्न सर्वसाधारणलाई गाऱ्हो भएको छ। बीच बाटोबाट पैसासहित पक्राउ गरी हुन्डी विभिन्न क्षेत्रबाट हुन्डी कारोबारीलाई घर वा कार्यालयबाट सप्रमाण पक्राउ गर्ने गरेको थियो । तर अहिले सडकबाट नै पैसासहित पक्राउ परेका जोकोहीलाई हुन्डी कारोबारी हो भन्दैमा न्यायालयले कसरी स्वीकार गर्ने कानूनी व्यवसायीहरूको तर्क छ ।

वास्तविक हुन्डी कारोबारी नभई आफ्नो विभिन्न कारोबारका रकम बैंकसम्म पुऱ्याउन खोज्नेहरूसमेत पक्राउ परिरहेका छन् ।

अर्कोतर्फ सीमावर्ती बजारबाट सङ्कलन भएका नेपाली रुपैयाँ भाडा लिई बोक्ने मजदूर हुन्। अदातलमा प्रहरीले पेस गरेका प्रमाणभन्दा पक्राउ परेका व्यक्तिहरूसँग धेरै प्रमाण हुन सक्छ । हुन्डीको पैसा कहीं जाँदैन वीरगंजमा नै रहन्छ वकीलहरूको भनाइ छ ।

केही समययता हुन्डी कारोबार गरेको आरोपमा पक्राउ परेकाहरू अधिकांश बैंकमा रकम जम्मा गर्न हिंडेका व्यक्तिहरूलाई पक्राउ गरेको अनुसन्धानबाट देखिएको छ ।

प्रहरीले उनीहरूमाथि पनि मुद्दा लगायो तर उनीहरू आफ्नो आधार प्रमाण पेस गरेर जिल्ला अदालत पर्साबाट मुक्त भएका छन् । विगतमा हुन्डी कारोबारी पक्राउपछि कर छलेको आरोपमा सम्पत्ति सुदृढीकरण विभागमा पठाउने चलन थियो । तर अहिले मुद्दा लगाइ हल्ला फैलाउने र सर्वसाधारणको मानमर्दन गर्नेबाहेक गतिलो काम नभएको उनीहरूको आरोप छ ।

कानून व्यवसायीका अनुसार रकमसहित पक्राउ परेका व्यक्तिहरू अहिले बढीमा १० दिनमा नै सामान्य तारिखमा छुट्ने गरेका र छ महीनामा मुद्दाको छिनोफानो हुने गरेको छ । प्रहरीले छोरी कुटेर बुहारी तर्साउने प्रवृत्ति देखाउनुभन्दा पनि वास्तविक हुन्डी कारोबारीलाई पक्राउ गरेर पोख्त प्रमाण पेस गर्न र सर्वसाधारणलाई अनावश्यक दुःख नदिन पीडित पक्षको माग छ ।







विभिन्न मितिमा प्रहरीले बरामद गरेको रकमका साथमा पक्राउ परेकाहरूलाई सार्वजनिक गरिएको । तस्वीरः फाइलण

# शिक्षाको क्षेत्रमा प्रदेश २ कर्णालीभन्दा पनि पछि छ –मन्त्री यादव

प्रस, वीरगंज, ३ पुस/

प्रदेशका अन्य जिल्लाको तुलनामा पर्साको शिक्षा स्तर बलियो भएपनि देशको तुलनामा प्रदेश २ पछि रहेको सङ्घीय वन तथा वातावरण मन्त्री रामसहाय यादवले बताए । प्याब्सन, पर्साको १५औं अधिवेशन उद्घाटनको क्रममा मन्त्री यादवले सो कुरा बताएका हुन् ।

शिक्षाको सुधार नभएसम्म देशको विकास नहुने भन्दै उनले नेपालको संविधानले मौलिक अधिकारभित्र शिक्षालाई राखेको हुँदा निशुल्क शिक्षा पाउनु नागरिकको अधिकार भएको बताए ।

निजी विद्यालयहरूको सङ्गठन प्याब्सनले आउँदो समयमा यस क्षेत्रको शिक्षामा क्रान्ति ल्याउनुपर्नेमा जोड दिएका मन्त्री यादवले निजी विद्यालयहरूले शिक्षामा पुऱ्याएको योगदानबारे चर्चा गरे ।

निजी विद्यालयले जस्तै सरकारी विद्यालयले पनि गुणस्तरीय शिक्षामा योगदान नदिएसम्म जिल्लाको विकास नहुने उनले ठोकुवा गरे ।

मुलुकको सूचाङ्कमा अहिले पनि प्रदेश २ शिक्षाको क्षेत्रमा कर्णाली प्रदेशभन्दा पछाडि रहेको उल्लेख गर्दै उनले यसलाई सुधार गर्नुपर्नेमा जोड दिए ।

प्याब्सन पर्साका अध्यक्ष हरिशङ्कर साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद करिमा बेगम, नेकपा एमाले पर्साका केन्द्रीय सदस्य प्रभु हजरा, जसपा पर्साका अध्यक्ष रामनरेश यादव, नेका पर्साका सचिव श्याम पटेल, इमामुद्दीन अहमद, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।



तस्वीरः प्रतीक

# महानगर प्रमुखद्वारा सहयोग रकमको चेक हस्तान्तरण

प्रस, वीरगंज, ३ पुस/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले वीरगंज–११ स्थित नेपाल राष्ट्रिय विद्यापीठ माविमा निर्माण हुन लागेको बहुउद्देश्यीय हल निर्माणका लागि चेक हस्तान्तरण गरेका छन् ।

लायन्स क्लबले शनिवार आयोजना गरेको कार्यक्रममा महानगर प्रमुख सरावगीले ४७ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन्। लायन्स क्लबको एक लाख अमेरिकी डलर र महानगरपालिकाको ४७ लाख रुपैयाँको संयुक्त लगानीमा सभाकक्ष निर्माण हुन लागेको हो ।

त्यसैगरी, महानगर प्रमुख सरावगीले गरीब तथा विपन्नहरूको आँखा निश्शुल्क उपचारका लागि पनि आर्थिक सहयोग प्रदान गरेका छन्। सो प्रयोजनका लागि महानगरपालिकाको नगरस्तरीय बजेटबाट पाँच लाख रुपैयाँ सहयोग गरेका हुन् । नगरप्रमुख सरावगीले उक्त चेक नेपाल नेत्र ज्योति सङ्घ, पर्सालाई हस्तान्तरण गरेको नगरप्रमुखको सचिवालयले जनाएको छ।

यसैगरी, नगरप्रमुख सरावगीको सेवा सुविधाबाट सञ्चालन भएको मेयर कल्याणकारी कोषबाट चारजना जेहेन्दार तथा विपन्न छात्रछात्रालाई अध्ययनका लागि सहयोग प्रदान गरिएको छ ।


तस्वीरः सौजन्य

शनिवार महानगर कार्यालयमा आयोजित कार्यक्रममा छात्रवृत्तिस्वरूप चारजनालाई चेक हस्तान्तरण गरिएको सचिवालयले जनाएको छ ।

# त्रिमूर्ति टोलमा जडित सिसिटिभी नगरप्रमुख सरावगीद्वारा उदघाटन

प्रस, वीरगंज, ३ पुस/

त्रिमूर्ति टोल विकास तथा सुधार समिति कोष तथा वीरगंज महानगरको सहयोगमा खरीद भई जडान भएका १३ वटा सिसिटिभीको शनिवार उद्घाटन गरिएको छ ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले सिसिटिभीले नगरको शान्ति सुरक्षामा अहम् भूमिका खेलेको बताए । गुणस्तरीय तथा उच्च क्षमताको क्यामेरा जडान गर्न आफूले सक्दो सहयोग गर्ने उनले बताए । नगरप्रमुख सरावगीले वीरगंज महानगरभित्र जडान भएका सबै सिसिटिभीको मरम्मतसम्भार गर्न सेफर वीरगंजको जिम्मा लगाएको र सोको लागि बर्सेनि रु २० लाख महानगरले भुक्तानी गर्दै आएको बताए ।

सो अवसरमा नगरप्रमुख सरावगीले नगरवासीको सहयोगविना फोहर व्यवस्थापन गर्न सम्भव नरहेको बताए । महानगरको फोहर व्यवस्थापन कार्य निजी क्षेत्रबाट भइरहे पनि घरधुरीबाट शुल्क उठाउन गाऱ्हो परिरहेको उनले बताए । फोहर अहिले वीरगंजको लागि चुनौती बन्दै गइरहेको भन्दै उनले आम नागरिकले आफैं सचेत भई तोकिएको ठाउँमा मात्रै फोहर फाल्न आग्रह गरे ।

टोल सुधार समितिकी अध्यक्ष उमा मिश्रको अध्यक्षता एवं टोलका अगुवा तथा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीश शर्माको सहजीकरणमा भएको कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, प्रहरी निरीक्षक दिनेश थापा, समुदायिक प्रहरी सेवा केन्द्र मुर्लीका अध्यक्ष राम सर्राफ, सचिव कुलनारायण प्रधान, सेफर वीरगंजका प्रतिनिधि सुशान्त चाचानलगायतको सहभागिता थियो ।

टोल सुधार समितिले खरीद गरी जडान गरिएका सिसिटिभीको मरम्मत सम्भार र अनुगमनसमेत गर्ने गरी शनिवारदेखि सेफर वीरगंजको जिम्मा लगाएको छ। सो अवसरमा टोल सुधार समितिलाई सहयोग गर्ने भाजुरत्न इन्जिनीयरिङ, सत्यनारायण क्याल, मधुप शर्मा, शङ्कर अग्रवाल, उमा मिश्र, चिल्ड्रेन वर्ल्ड स्कूललाई सम्मान गरिएको थियो ।




तस्वीरः प्रतीक



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

# एम्बुलेन्स चालक सङ्घद्वारा रक्तदान

प्रस, वीरगंज, ३ पुस/

संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपाल, बाराले शनिवार रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

राज्यलक्ष्मी रिलिफ हस्पिटल प्रालिमा आयोजित रक्तदान कार्यक्रममा २४ जना पुरुष र छजना महिला गरी ३० जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

कार्यक्रममा रञ्जीत यादव, सुरेश दास, गम्भीरा साह, मनोज मुखिया, जरिना खातुन, रूपासिंह राठौरलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।



## विचारसार र सूक्तिहरू

**घृणा राक्षसको सम्पत्ति हो, क्षमा मनुष्यत्वको चिह्न हो र प्रेम देवताको स्वभाव हो ।**

**– भर्तृहरि**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# गृहस्थ एउटा तपोवन हो

व्यक्तिको जीवनमा परिवारको भूमिका निकै महत्त्वपूर्ण हुन्छ। परिवारमा रहेर व्यक्तिले सेवा, संस्कार, सहिष्णुता आदि मानवीय गुणलाई सिक्छ र त्यसलाई आफ्नो जीवनमा धारण गर्छ। यसैले परिवारलाई व्यक्ति निर्माणको पहिलो पाठशाला भनिएको छ । परिवारमा यदि सादगी, सन्तोष, सच्चरित्र र सहयोग जस्तो सद्गुणले भरिपूर्ण माहोल छ भने त्यसमा हुर्कने, बढ्ने र बस्ने मान्छे स्वतः ती सद्गुणलाई सिक्न र आफ्नो जीवनमा जिउन थाल्छन्।

**साधना, संयम र सहिष्णुताको अभावमा नै आज हरेक परिवारमा कलह भइरहेको छ। आज हरेक परिवार कलहदेखि दुःखी छन्। परिवार निर्माणको लागि सन्त कबीरले पनि परिवारमा संयम र सहिष्णुताजस्तो गुणलाई आवश्यक माने।**

यस्तै आदर्श परिवारबाट नै समाज र राष्ट्रले सभ्य, सुशील, सच्चरित्र र सदाचारी नागरिक पाउँछ, जसबाट कुनै पनि समाज र राष्ट्र समृद्ध, स्वस्थ र शक्तिशाली बन्छ। यदि परिवारमा कलह, हिंसा, असहयोग, असहिष्णुता आदि दुर्गुणले भरिएको माहोल छ भने त्यहाँ बस्ने, हुर्किनेहरू सदस्यहरू पनि त्यसबाट प्रभावित भई तदनुरूप जिउन थाल्छन्। आज अधिकांश परिवारमा लगभग यही स्थिति हेर्न सकिन्छ, जुन वास्तवमा चिन्ताजनक छ। आज परिवारमा प्रेमको आवश्यकता छ। यदि परिवारमा प्रेम छ भने यस्तो परिवार वास्तवमा एउटा मन्दिर हो र त्यसमा बस्नेहरू देवीदेवता बन्न पुग्छन्।

युगऋषि परमपूज्य गुरुदेव श्रीराम शर्मा आचार्यजीले ठीकै भनेका थिए, प्रेम र सहकारले भरिपूर्ण परिवार नै धर्तीको स्वर्ग हो । परिवारलाई स्वर्ग बनाउन परिवारका हरेक सदस्यमा प्रेम र सहकारको भावना हुनुपर्छ, किनभने प्रेमले भरिएको हृदय सरोवरमा नै त्यो मनमोहक पुष्प फुल्न सक्छ, जसको सुगन्धले पूरा परिवार सुगन्धित हुन्छ र परिवारबाट समाज र समाजबाट राष्ट्र सुगन्धित हुन्छ।

परिवारमा यदि जप, तप, यज्ञ, योग, सत्सङ्ग र स्वाध्याय आदिको नियमित क्रम चल्यो भने निश्चित नै परिवारका हरेक सदस्यको हृदयमा ज्ञान र प्रेमको फूल फक्रिन्छ, पूरा परिवार त्यसको सुगन्धबाट सुगन्धित हुन्छ । एउटा परिवारबाट निस्किएको सुगन्धले अर्को परिवार, त्यसपछि पूरा समाज सद्गुण र आदर्शको सुगन्धबाट सुगन्धित हुन्छ, फुल्छ । अतः परिवारलाई तपोवन बनाउनुपर्छ, जसमा बस्ने व्यक्ति तपको आगोमा तपेर निखिन्छ, चम्किन्छ, दम्किन्छ। युगऋषिले भनेका थिए– गृहस्थ एउटा तपोवन हो, जसमा संयम, सेवा र सहिष्णुताको साधना गर्नुपर्छ ।

साधना, संयम र सहिष्णुताको अभावमा नै आज हरेक परिवारमा कलह भइरहेको छ । आज हरेक परिवार कलहदेखि दुःखी छन्। परिवार निर्माणको लागि सन्त कबीरले पनि परिवारमा संयम र सहिष्णुताजस्तो गुणलाई आवश्यक माने। यस सन्दर्भमा एउटा कथा छ, एकपटक पारिवारिक कलहदेखि दिक्क भएर एकजना व्यक्ति सन्त कबीरकहाँ पुगे । उनले सन्त कबीरलाई सोधे– मान्यवर ! म यो जान्न चाहन्छु कि परिवारमा कलह र क्लेश किन हुन्छ ? यसलाई कसरी हटाउने ?

कबीर दासले व्यक्तिको प्रश्न सुनेर आफ्नी पत्नीलाई आवाज दिए– लालटेन बालेर ल्याऊ साथै केही मीठो खानेकुरा पनि । त्यस व्यक्तिले सोचे अहिले दिउँसोको समय छ, तर पनि कबीर दासले किन लालटेन माग्नुभयो ? त्यसपछि कबीर दासकी पत्नीले लालटेन बालेर ल्याइन् साथमा नमकिन पनि राखिन् । ती व्यक्ति यी सबै हेरेर आश्चर्यमा परे कि दिउँसो लालटेन किन बालिएको छ र मीठोको सट्टा नुनिलो खानेकुरा किन पस्किएको छ। कबीरले त्यस व्यक्तितर्फ हेर्दै सोधे– अब तपाईंको समस्याको समाधान भयो कि अझै कुनै संशय छ ? त्यस व्यक्तिले मनमनै सोचे, कस्तो अनोठौ व्यवहार छ कबीरजीको, कस्तो मजाक हो ?

त्यस व्यक्तिले भने– मान्यवर ! मैले केही बुझिनँ । त्यसपछि कबीर दासले भने– जब मैले लालटेन मँगाए मेरी पत्नीले त्यो ल्याउन अस्वीकार पनि गर्न सक्थिन्। मलाई झपार्न पनि सक्थिन्, मसँग यो पनि सोध्न सक्थिन् कि दिउँसो लालटेन किन बाल्ने, यसको के आवश्यकता ? तर होइन, उनले सोचिन् अवश्य कुनै कामको लागि लालटेन मगाएका होलान्। जब मीठो मागेपछि उनले नुनिलो दिएर गइन्, तब मैले सोचे कि हुन सक्छ घरमा मीठो खानेकुरा छैन। यसैले नुनिलो ल्याइन् र म चुप बसें। यसमा कस्तो विवाद ? कलह–कलेश किन ? आपसी विश्वास बढाउने र विवादमा नफस्नु नै कलह र क्लेशलाई हटाउनु हो। त्यसले हुर्कने मौका नै पाउँदैन। त्यस व्यक्तिले समाधान पाए। उनी घर फर्किए र एउटा नयाँ दृष्टिका साथ परिवारमा सुखपूर्वक बस्न थाले।

आज साँच्चै हरेक परिवारमा संयम, सहिष्णुता र आपसी विश्वास जस्तो सद्गुणको आवश्यकता छ, जसबाट हामी न केवल कलह–कलेशबाट मुक्त रहन सक्छौं, बरु परिवारमा शान्ति, समरसता, समृद्धि, सौभाग्य र खुशियाली पनि ल्याउन सक्छौं। यस्तै दिव्य वातावरण भएको परिवारको आँगनमा ध्रुव, प्रह्लाद, नचिकेता, शङ्कर, नरेन्द्र, सुभाष जस्ता फूल फुल्न सक्छन्, जसबाट समाज र राष्ट्र समृद्ध, शक्तिशाली र खुशहाल बन्न सक्छ। अन्यथा कलह, क्लेशले भरिएको परिवारमा ध्रुव, प्रह्लाद, शङ्करजस्ता असङ्ख्य फूल फुल्नुभन्दा पहिले नै काल कवलित भइरहन्छ, ओइलिरहन्छ।

आज हरेक परिवारलाई तपोवन बनाउने आवश्यकता छ, जसमा संयम, सेवा र सहिष्णुताको अखण्ड साधना गर्न सकिन्छ र समाज र राष्ट्रलाई सभ्य, समृद्ध एवं शक्तिशाली बनाउन सकिन्छ।

# राजनीतिमा पुस्तान्तरणसँगै रूपान्तरणको खाँचो

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**खासमा सबै राजनीतिक दलमा पुस्तान्तरणसँगै राजनीति केका लागि भन्नेमा व्यापक वैचारिक र कार्यगत रूपान्तरणको खाँचो छ। त्योभन्दा पनि पहिला आम राजनीतिक कार्यकर्तामा यो राजनीतिक चेतना अपरिहार्य छ।**

राजनीति कुनै पनि देशको माउ नीति हो भने नेतृत्वको आचरण र प्रवृत्तिले त्यो देशको विकास र समृद्धि प्रभावित हुन्छ। करीब नेपालसँगै विकासको गतिमा अघि बढेका देशले संसारलाई विकासको नमूना देखाइसक्दा हामी भने अझै विकासमा बामे सर्ने अवस्थामा पनि पुगेका छैनौं । निरन्तर राजनीतिक अस्थिरता र विग्रहले विकासका अवसर खुम्चिएका छन्, उचित दोहन हुन पाएको छैन ।

राजनीतिक नेतृत्व जनहितका लागि नभएर वैयक्तिक शक्ति र सत्ता आर्जनमा उद्यत् हुनु समकालीन राजनीति र नेपाली जनताको विडम्बना बनेर उभिएको छ। हामीकहाँ जति पनि राजनीतिक अस्थिरता र अशान्ति भए, तिनलाई जतिसुकै जनहित र जनताका लागि भनेर आवरण दिइए पनि अन्ततः ती सबै सत्तास्वार्थमा अवसान भएका उदाहरण ताजै छन्।

आज पर्यन्त राजनीतिमा देश र जनताको भलाइ होइन, नेताको स्वार्थ मुख्य मुद्दा बनेको छ। राजनीतिक दलले नै सत्ता सञ्चालन गर्ने र नीतिहरू बनाउने भएकाले ती पार्टीहरूले लिने नीति र घोषणापत्रबाट विकासको ओज निर्धारण हुन्छ। अहिलेसम्म मुलुकका तीन दलको महाधिवेशन सम्पन्न भयो । कुनै पनि दलको दस्तावेजमा आर्थिक विकास र समृद्धिको स्पष्ट र भरपर्दो मुद्दा देख्न पाइएन।

राजनीतिक दलका महाधिवेशनमा विकास र समृद्धिका कस्ता मुद्दाण छन् भन्ने विषयले खास अर्थ राख्छ । प्रत्येकजसो राजनीतिक दलले विकासलाई राजनीतिको केन्द्रमा राखेका छैनन्। यो औसत दलीय प्रवृत्तिको पुनरावृत्ति नै हामीले आशा गरेको विकास र समृद्धिको अवरोधको प्रमुख कडी हो।

नेपाली काङ्ग्रेसको महाधिवेशनलाई नै लिऊँ, देशको प्रधानमन्त्रीसमेत रहेका काङ्ग्रेस सभापतिमा दोस्रोपटक विजयी शेरबहादुर देउवाको मुद्दामा सुशासन, विकास र समृद्धि देख्न पाइएन। सत्तामा काङ्ग्रेसको वर्चस्व र राजनीतिबाट विपक्षी (केपी शर्मा ओली) मुक्तिका लागि उनलाई जिताइदिनुपर्ने आग्रह उनको प्रत्येक अभिव्यक्तिमा प्रस्ट थियो। देश राजनीतिले चलाउने भएकोले त्यसको नेतृत्वले कस्तो नीति लिन्छ, त्यसले त्यो देशको विकास पूर्णतः प्रभावित हुन्छ।

राप्रपा महाधिवेशमा प्रकट अवसरवादका पहेलीहरू नयाँ विषय होइनन्। यसबारे यसै स्तम्भमा अघिल्लो हप्ता चर्चा भइसकेको छ। कमल थापाको अवसरवादी आवरण उत्रिइसकेको छ। अध्यक्ष पद गुमाउनुपर्दाको पीडा उनले यतिखेर पूर्वराजालाई गाली गरेर मत्थर पार्ने प्रयत्न गर्दैछन्। सँगै नयाँ चुनिएका अध्यक्षको देश विकास र जनहितको मुद्दा के हो ? भन्ने पनि मुख्य प्रश्न हो। नयाँ अध्यक्षमा उदाएका राजेन्द्र लिङ्देन जनहितभन्दा पनि पूर्वराजाको हितका मुद्दालाई बोकेर राप्रपाको नेतृत्वमा स्थापित भएको बुझ्न त्यति असजिलो छैन । कमल थापाको अवसरवादी प्रवृत्तिको अवसान भएपनि त्यसको विकल्पमा आएको नेतृत्व देश र जनताको हितका लागि नभएर पूर्वराजा र राजसंस्थाको स्वार्थको गोटीको रूपमा अगाडि आउनु स्थायित्व र विकासप्रेमी जनताका लागि सुखद हुन सक्दैन।

त्यसअघि नेकपा एमालेको महाधिवेशन सम्पन्न भयो । त्यसमा जनसरोकार र चासोका विषयभन्दा नेतृत्वको दम्भ र अवसरवादी प्रवृत्तिकै पुनरावृत्ति भएको देखियो । आफूलाई लोकतान्त्रिक दाबी गर्ने नेकपा एमालेको नेतृत्वमा प्रतिस्पर्धा नै निषेध गर्नेसम्मका प्रयत्न भए।

केपी शर्मा ओलीलाई देवत्वकरण गर्ने जत्थाले ओलीलाई नेतृत्व छान्ने सर्वाधिकार मात्र सुम्पिएन, ओलीले जारी गरेको पदाधिकारी र सदस्यको लिस्टमा असहमति राखेर उम्मेदवारी दिनेलाई अपमान र आक्रमणका प्रयत्नसमेत हुन पुगे। त्यहाँ आर्थिक, राजनीतिक दस्तावेज तथा आगामी कार्यक्रमबारे मन्थनभन्दा पनि ओलीको स्तुतिगान बढी सुन्न पाइयो।

आफूलाई लोकतान्त्रिक दाबी गर्ने पार्टी एमाले अध्यक्ष ओलीको दम्भ र अहङ्कारका कारण दुई तिहाइ मतको सरकार बहिर्गमनको बाटो देख्न पुगेको परिदृश्यमा उनलाई देवत्वकरण गरेर अझ गलत बाटोमा अग्रसर हुन उकास्नेहरू पार्टी राजनीतिका लागि मात्र नभएर देशको स्थायित्व र विकासका पनि बाधक हुन्।

अमुक दलका प्रमुख जोसुकै होओस्, त्यसमा आम जनतालाई खासै चासो छैन, हुँदैन पनि। त्यस्तो राजनीतिक दल, जो जनताको स्पष्ट बहुमत लिएर सत्तामा जान्छ । तर विकास र समृद्धिको जिम्मेवारीबाट पछि हटेर वैयक्तिक दम्भ र स्वार्थको घानमा जनताका अपेक्षालाई पिंध्ने काम गर्दछ भने त्यो सह्य हुँदैन।

एमाले अध्यक्ष ओली र उनका अन्ध अनुयायीहरूबाट यही अपराध भएको छ। दुई तिहाइ बहुमतको सरकारबाट लज्जाजनक बहिर्गमन हुनुमा प्रकारान्तरले ओलीको नेतृत्व क्षमताको असफलता पनि हो। यसका निम्ति ओलीलाई कार्यकर्ताले दण्डित गर्नुपर्ने हो। ओलीभक्तहरूमा त्यो विवेकको अपेक्षा नै गलत हुन्छ।

ओलीलाई दम्भ र कटुताको बाटोमा हिंड्न रोक्नुको सट्टा यो महाधिवेशनले उनका असहिष्णु रवैयालाई अनुमोदन गरेको छ। अहिले मुख्य प्रतिपक्षी दलको नेता हुनुका कारण यो प्रवृत्तिको भार देशले चुकाउनुपर्दछ, परिराखेको छ । संविधान जारी भएपछिको पहिलो निर्वाचनबाट ओली बलियो बहुमतका साथ सत्तामा उक्लिंदा हामीमध्ये धेरैलाई देशले अब विकास समृद्धिको बाटो समात्ने अपेक्षा थियो । छोटै समयान्तरमा यो आशामा क्षयीकरण हुन थाल्यो।

भ्रष्टाचारीको मुख पनि हेर्दिनँ भन्ने ओलीकै नेतृत्वकालमा एकपछि अर्को भ्रष्टाचारका काण्ड बाहिर आउन थाले। ओली त्यस्ता प्रकरणको छानबीन त परको कुरा, उल्टै संरक्षण र बचाउमा उत्रिन थाले। आफूलाई सर्वहारा वर्गको अगुवा ठान्ने ओली नेतृत्वको सरकार सीमित पूँजीपतिको संरक्षकजस्तो देखिन थाल्यो। राज्यको स्रोत साधनमा सीमित व्यापारिक घरानालाई दोहनको अवसर जुटाउन ओली नेतृत्वको सरकारले ऐन कानून नै संशोधनसम्मका कुकृत्य गर्न थाल्यो । यतिसम्म कि जनता कोरोना महामारीमा ज्यान गुमाइराख्दा सरकारको जिम्मेवार पदमा बसेकाहरू उपचार सामग्रीको खरीदमा कसरी कमिशन कुम्ल्याउन सकिन्छ भन्ने ध्याउन्नमा लागेका र त्यसमा ओलीनिकट नेता र व्यापारीको नाम जोडिन पुगेपछि त्यस बेला प्रधानमन्त्रीको पदमा आसीन उनी मौन देखिए। राज्य सत्ताको नेतृत्व गरेको राजनीति जनहितको मुद्दाबाट च्युत हुनुको परिणाम सीमित आसेपासेका लागि फलिफाप भएपनि आम जनताको लागि भने सकसको कारण बन्यो।

माओवादी केन्द्रको महाधिवेशनको मिति नजीकिइराखेको अवस्थामा त्यस दलमा प्रचण्डको परिवारवादको विपक्षमा आवाज उठाउने हिम्मत कसैमा देखिएको छैन । जालझेल जे गरेर भएपनि परिवारका सदस्यलाई सत्ताको वरिपरि राख्नु प्रचण्डको एकल उद्देश्य बनेको छ। छोरी रेणुलाई मेयर बनाउन रचिएको प्रपञ्च पुरानो भइसकेको छैन।

दलमा प्रचण्डको प्रतिवाद गर्नेहरू कि त पार्टी छोडेर हिंडेका छन् कि जिम्मेवारीविहीन बनाइएका छन्। सत्तामा प्रभाव पार्ने र सत्ताको नेतृत्व गर्ने सम्भावना भएका राजनीतिक दलहरू आर्थिक विकासका सन्दर्भमा स्पष्ट नहुँदा देश विकासले गति लिन सम्भव हुँदैन। आज मूलधारका कुनै पनि राजनीतिक दल जनहित, विकास र समृद्धिका लागि होइन, नेतृत्वको स्वार्थ, लहड, पदलोलुप आचरणको प्रभाव र दबाबमा दबिएका छन्। त्यसको भुक्तान आम जनताले गर्नुपरेको छ।

जनताले बहुमत दिएको राजनीतिक दलका नेताकै वैयक्तिक महत्त्वाकाङ्क्षा र हठका कारण प्रतिपक्षमा पुगेको छ। पाँच वर्षसम्म प्रतिपक्षमा बस्ने जनादेश पाएको दल सत्तामा उक्लिएको छ। मुलुक जटिल राजनीतिक र आर्थिक समस्याहरूको मझधारमा छ। संसद् चल्न पाएको छैन। अत्याश्यक मानिएका ऐन, कानूनहरू रोकिएका छन् । राजनीति जनअपेक्षाको सम्बोधनभन्दा पनि कसरी सत्तामा पुग्ने र टिक्ने भन्ने दाउपेचमा मात्रै सीमित छ। प्रधानमन्त्रीसमेत रहेका काङ्ग्रेस सभापतिले महाधिवेशनमा कार्यकर्तासमक्ष सभापति नभए आफूलाई सत्ताबाट हटाउने भएकाले जसरी पनि जिताउन गरेको अनुनयविनयले पनि यो तथ्यलाई थप प्रस्ट पारेको छ। यस्तो राजनीतिक परिस्थितिले सुशासन सम्भव हुँदैन र सुशासनविनाको शासन आर्थिक विकासका लागि कदापि सहयोगी साबित हुन सक्दैन।

एक महीनाको बीचमा सम्पन्न मुख्य राजनीतिक दलहरूको महाधिवेशनमा पेस प्रतिवेदन र नेताहरूले प्रकट गरेका अभिव्यक्ति हेर्दा मुलुकको राजनीति सही बाटोमा अग्रसर होला र विकासले गति समात्ला भनेर आशावादी हुने आधार फेला पार्न सकिएको छैन। एउटा विचार उठाउने र पदका लागि सम्झौता गर्ने नेतृत्वको आम प्रवृत्ति भइसकेको छ । यो जनअपेक्षाविरुद्धको अपराध हो । नेतृत्वका आकाङ्क्षीहरूले नीति र विचारबारे स्पष्ट नपार्ने र कार्यकर्ताले पनि त्यसमा केही परख नगरी अन्धभक्तको भूमिका निर्वाह गर्दै जाने हो भने त्यो दलीय राजनीतिका लागि मात्र नभएर देशकै लागि धोका हो।

सामाजिक सञ्जालहरूमा आएका प्रतिक्रिया हेर्दा आम जनता राजनीतिक दलका पुराना अनुहारबाट वाक्कदिक्क भएको सहजै बुझ्न सकिन्छ । जनता राजनीतिमा नयाँ पुस्ता आएको हेर्न चाहन्छ। राजनीतिक दलका कार्यकर्तामा अपेक्षाकृत त्यो चेतना र सोच अझै देखिएको छैन। प्रकारान्तरले राप्रपाको अधिवेशनबाट मूल नेतृत्वमा नयाँ अनुहार स्थापित हुँदा धेरैले यसलाई प्रशंसा गरेको सुनियो । एमालेमा ओलीको एकल निर्णयको विरोधमा उम्मेदवारी लिएर हार्नेहरूलाई लोकतन्त्र जोगाउने नेताको रूपमा लिइयो। काङ्ग्रेसमा शेरबहादुर देउवाले पार्टी सभापतिको पदीय शक्ति हात पारे पनि उनलाई नजीकबाट टक्कर दिने शेखर कोइरालालाई नेता ठानेको पनि देखियो । पार्टी महाधिवेशनमा तुलनात्मक स्पष्ट वैचारिक मत र आर्थिक विकासको दृष्टिकोण पस्किएका नेता गगन थापा र विश्वप्रकाश शर्माको जीतलाई धेरैले काङ्ग्रेसमा पुस्तान्तरणको थालनीको रूपमा बुझेका छन्। खासमा सबै राजनीतिक दलमा पुस्तान्तरणसँगै राजनीति केका लागि भन्नेमा व्यापक वैचारिक र कार्यगत रूपान्तरणको खाँचो छ । त्योभन्दा पनि पहिला आम राजनीतिक कार्यकर्तामा यो राजनीतिक चेतना अपरिहार्य छ।

# भोलिदेखि १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई खोप

काठमाडौं, ३ पुस/रासस

सरकारले आइतवारदेखि ५७ जिल्लाका १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई कोरोना भाइरसविरुद्धको खोप लगाउँदैछ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मोडर्ना खोपको पहिलो मात्रा यही पुस ४ देखि १४ गतेसम्म विद्यार्थीलाई लगाउने भएको मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले जानकारी दिइन्। उनका अनुसार प्रदेश नं १ को ताप्लेजुङ, सङ्खुवासभा, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम र उदयपुर, प्रदेश नं २ को सिराहा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लास्थित विद्यालयका विद्यार्थीलाई खोप लगाइनेछ।

यस्तै, खोप लगाउनेमा वाग्मती प्रदेशका दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, रामेछाप र मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ, तनहुँ, नवलपरासी पूर्व, स्याङ्जा र पर्वत, लुम्बिनी प्रदेशको रूकुमपूर्व, रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी पश्चिम, कपिलवस्तु र बर्दिया रहेका छन् । त्यस्तै, कर्णाली प्रदेशका डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, रूकुम पश्चिम र सल्यान तथा सुदूरपश्चिमका बाजुरा, बझाङ, दार्चुला, बैतडी, डोटी, अछाम र कञ्चनपुर जिल्लाका सो उमेर समूहका विद्यार्थीलाई खोप लगाउने भएका छन्। ती जिल्लाका विद्यार्थीलाई दोस्रो मात्रा भने माघ २ देखि १२ गतेसम्म लगाइनेछ।

यस्तै, मन्त्रालयले यसअघि १२ वर्षमाथिका दीर्घरोगीका लागि फाइजर खोप सञ्चालन भएका १९ जिल्ला र सिन्धुली गरी २० जिल्लामा पनि फाइजर खोप अभियान सोही अवसरमा सञ्चालन गर्दैछ । यस्तै, मन्त्रालयले यही पुस १३ देखि २२ गतेसम्म काठमाडौं, ललितपुर,




भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन, सिन्धुली, डडेल्धुरा र सुर्खेतका बालबालिकालाई फाइजर खोपको पहिलो मात्रा लगाउँदै छ। ती जिल्लामा दोस्रो मात्रा भने माघ ४ देखि १३ गतेसम्म लगाइने मन्त्रालयले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## फिलिपिन्समा आएको सुपर टाइफुन 'राई'बाट बीसजनाभन्दा बढीको मृत्यु

दापा, फिलिपिन्स, ३ पुस/एएफपी

फिलिपिन्समा यस वर्षको सबैभन्दा शक्तिशाली आँधीमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ।



मध्य फिलिपिन्सको सेबु शहरमा राई आँधीले पुऱ्याएको क्षति। तस्वीरः एपी

अधिकारीले शनिवार दिएको जानकारी अनुसार आँधीको चपेटामा परेका टापुमा डरलाग्दो विनाश भएको विवरण पनि प्राप्त भएका छन्।

फिलिपिन्समा भीषणरूपमा आएको बतास र मुसलधारे वर्षाका साथै सुपर टाइफुन 'राई'का कारण बिहीवार हजारौं मानिस आफ्नो घर र समुद्र तटीय रिसोर्ट छोडेर भागेका थिए।

अधिकारीले दिएको पछिल्लो विवरण अनुसार अहिलेसम्म तीन लाखभन्दा बढी मानिस आँधीका कारण विस्थापित भएका छन्।

शनिवारसम्म साउथ चाइना सागरमाथि उभिएर भियतनामतर्फ लाग्नुअघि राईले भिसायास क्षेत्र, मिन्डानाओ र पलावान टापु पार गरेको थियो।

प्रत्येक वर्ष फिलिपिन्समा औसत २० वटा आँधीबेहरी र टाइफुनबाट प्रभावित पारेको पाइन्छ। यसले सामान्यतया पहिले नै गरीब क्षेत्रमा रहेका पसल, घर र पूर्वाधार नष्ट गर्ने गरेको छ।

दक्षिण फिलिपिन्स हुँदै मडारिएको शक्तिशाली समुद्री आँधीले लोकप्रिय पर्यटकीय क्षेत्र तहसनहस बनाएको अधिकारीले बताएका छन्।

मानिस बिदा मनाउन पुग्ने सिरगाओ टापुमा १९५ किलोमिटर प्रतिघण्टाको हुरीसहित बिहीवार आएको राई समुद्री आँधीले भारी वर्षा गराएको थियो।

तीव्र गतिको आँधीले बाटोमा परेका घर ढलाउँदा करोडौं मूल्यको क्षति भएको छ। सिरगाओमा रूख जरैसँग उखेलिएका छन् भने बिजुलीका तार र खम्बा ढलेका छन्।

संयुक्त राष्ट्रसङ्घले एक करोड ३० लाख मानिस प्रभावित भएको जनाएको छ। जताततै बाढी आएपछि हजारौं मानिस घर छाडेर सुरक्षितस्थलमा आश्रय लिइरहेको बताइएको छ।

अधिकारीले विमानस्थलको प्रमुख टर्मिनलमा क्षति पुगे पनि धावनमार्ग उद्धार उडानका लागि चालू रहेको बताएका छन्। रासस

## दिल्लीमा कक्षा छभन्दा माथिका विद्यालय खुला

नयाँ दिल्ली, ३ पुस/एएनआई

भारतको दिल्ली प्रदेशका विद्यालयमा शनिवारदेखि कक्षा छ र त्यसभन्दा माथिका कक्षामा भौतिक उपस्थितिमैं अध्ययन अध्यापनको कार्य शुरू भएको छ।



वायु प्रदूषणका कारण झन्डै एक महीनादेखि बन्द भएका विद्यालयमा अहिले भौतिक उपस्थितिमैं पढाइ शुरू भएको हो।

वायु गुणस्तर व्यवस्थापन आयोगले केन्द्रीय राजधानी क्षेत्र र त्यस वरपरको क्षेत्रमा अहिले प्रदूषणको मात्रा कम भएकाले अध्ययन अध्यापन कार्य शुरू गर्न शुक्रवार सिफारिश गरेको थियो। भौतिक उपस्थितिसहित अध्ययन अध्यापन कार्य शुरू भए पनि अनलाइनबाट हुने अध्ययन अध्यापन कार्यसमेतलाई निरन्तरता दिइने अधिकारीले जनाएका छन्। विद्यालयका लागि घरबाहिर निस्कनुपर्दा प्रदूषणले बालबालिकालाई धेरै असर गर्ने भएकाले चिकित्सक र विज्ञको सल्लाह र सुझावका आधारमा विद्यालय बन्द गरिएको थियो।

विद्यालय बन्द गर्दा विद्यालयका यातायातका साधन पनि बन्द हुने भएकाले प्रदूषण न्यूनीकरणसमेत सहयोग पुग्ने उनीहरूको भनाइ थियो। विश्वमैं धेरै प्रदूषण भएको शहरको सूचीमा पर्ने नयाँ दिल्लीमा प्रदूषण बढ्दै गएकोप्रति चिन्ता व्यक्त भइरहेको छ। तर ठोस सुधार हुन भने सकेको छैन।

नयाँ दिल्लीमा पछिल्लो प्रदूषण गत तिहारदेखि शुरू भएको हो। तिहारमा धेरै पटका पट्काएपछि शुरू भएको प्रदूषणको असर अहिलेसम्म परेको हो। रासस

## बेलायतमा कोरोना भाइरसबाट एकै दिन ९० हजारभन्दा बढी सङ्क्रमित

लन्डन, ३ पुस/सिन्ह्वा

बेलायतमा एकै दिन कोरोना भाइरसका ९३ हजारजनाभन्दा बढी सङ्क्रमित भेटिएका छन्। यहाँ कोरोना भाइरसको प्रकोप शुरू भएदेखिकै सबैभन्दा धेरै सङ्क्रमित देखिन थालेका हुन्। यहाँका स्वास्थ्य अधिकारीले प्रकोप शुरू भएयताकै सबैभन्दा धेरै सङ्क्रमित बढेका बताइरहेका छन्।

यहाँ शुक्रवार मात्र पनि ९३ हजार ४५ जना सङ्क्रमित भेटिएका छन्। यहाँ कोरोना भाइरस शुरू भएदेखिकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका हुन्।

यसअघि बिहीवार मात्र पनि यहाँ ८८ हजार ३७६ जना कोरोना भाइरसका सङ्क्रमित भेटिएका थिए। यसरी यहाँ महामारीको प्रकोप बढेको यो तेस्रो दिन हो।

यसअघि पनि गत बुधवार मात्र पनि यहाा ७८ हजारजनाभन्दा धेरै मानिसमा कोभिड सङ्क्रमणको पुष्टि भएको थियो। कोभिड महामारी शुरू भएयता एकै दिन यहाँ बढी मात्रामा सङ्क्रमित देखिएका हुन्।

यो क्रम यहाँ शुक्रवार पनि बढेपछि बेलायतमा अहिलेसम्मकै सबैभन्दा बढी सङ्क्रमित भेटिने क्रम बढेको पाइएको हो।

यहाँ केही समययता हरेक दिन कोभिड-१९ का सङ्क्रमित बढ्दै गएको देखिएको छ। साथै यहाँ कोभिडको घातक मानिएको ओमिक्रोन पनि बढ्दो देखिएको छ।

यहाँका स्वास्थ्य अधिकारीले ओमिक्रोनको सङ्क्रमण पनि दिन प्रतिदिन बढेको देखिएको बताएका छन्।

शुक्रवार मात्र पनि तीन हजार २०१ जनामा ओमिक्रोनको घातक सङ्क्रमण फैलिएको देखिएको पनि अधिकरीले जनाएका छन्। योसमेत गरी यहाँ ओमिक्रोनका अहिलेसम्म १४ हजारजनाभन्दा बढीमा सङ्क्रमण पाइएको बताइएको छ। बेलायत सरकारले कोभिड नियन्त्रणका लागि लकडाउन भइरहेका समयमा यसअघि गत जनवरीमा एकै दिनको सबैभन्दा धेरै ६८ हजार सङ्क्रमित पुष्टि भएको जनाएको थियो र त्यसपछि सबैभन्दा बढी शुक्रवार देखिएको बताइएको छ। यहाँ अहिलेसम्म एक करोड ११ लाखभन्दा बढी सङ्क्रमित पुगेका छन्। त्यसैगरी, बेलायतमा यो सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ४७ हजारभन्दा बढी पुगेको बताइएको छ। रासस

आयुर्वेदको चमत्कार
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
सहयोगीः
बैद्य सूर्यमान श्रेष्ठ
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

रानीघाट-पोखरिया बस समिति
भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सुयश | वृष | अन्नलाभ |
| मिथुन | खर्चवृद्धि | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | प्रगति |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | शत्रुपराजय | मकर | सुसमाचार |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## तीन पर्यटकीयस्थलको त्रिकोणात्मक पर्यटन प्रवर्द्धन

चितवन, ३ पुस/रासस

नेपालका प्रमुख पर्यटकीय स्थलमा पर्ने तीन पालिका त्रिकोणात्मक पर्यटन प्रवर्द्धनमा लागेका छन्। चितवनको भरतपुर महानगरपालिका, कास्कीको पोखरा महानगरपालिका र रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका त्रिकोणात्मक पर्यटन पवबर्द्धनमा लागेका हुन्।



तस्वीरः रासस

भरतपुर महानगरपालिकाको अगुवाइमा भरतपुर, पोखरा, लुम्बनी स्वर्ण त्रिकोण प्रवर्द्धन कार्यक्रम अगाडि बढाइएको हो। महानगरपालिकाले भ्रमण वर्ष सन् २०२० को सन्दर्भमा लुम्बिनी र पोखराका पालिकासँग सम्झौतासमेत गरेको थियो। महानगरपालिकाले आज एक कार्यक्रमको आयोजना गरेर महानगरको टुर प्याकेज घोषणासँगै स्वर्ण त्रिकोण गन्तव्य प्रवर्द्धन कार्यक्रमसमेत शुभारम्भ गरेको छ।

महानगर प्रमुख रेणु दाहालले लुम्बिनी र पोखरा आउने पर्यटकलाई चितवन भित्र्याउन र यहाँ आएका पर्यटकलाई ती गन्तव्यमा पठाएर बसाइ लम्ब्याउने कार्यक्रम प्रभावकारी हुने बताइन्। महानगरले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा ठूलो लगानी गरेको उनको भनाइ छ।

महानगरको आफ्नोसँगै वाग्मती प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर पर्यटकीय गन्तव्यको भौतिक पूर्वाधार निर्माण र प्रवर्द्धनमा काम गरिरहेको उनले बताइन्। महानगरभित्र महत्त्वपूर्ण ३० पर्यटकीय गन्तव्य रहेको भन्दै उनले यहाँ आउने पर्यटकले छ रात सात दिनसम्म बसेर घुम्न मिल्ने गरी प्याकेज तयार गरिएको जानकारी दिइन्। उनका अनुसार प्याकेजमा जङ्गल सफारीदेखि नारायणी नदीबीच मोडल हुँदै धार्मिक क्षेत्र र पहाडी डाँडामा पदमार्गसमेत रहेका छन्।

दाहालले नेपालकै पर्यटकीय दृष्टिले विविधता भरतपुर महानगरमा रहेको भन्दै सूर्योदयदेखि सूर्यास्तसम्म अवलोकन गरेर पर्यटक रमाउन सक्ने ठाउँहरू रहेको बताइन्। भरतपुरको कविलासस्थित चौकीडाँडाबाट सूर्योदय अवलोकन गर्न सकिन्छ भने गोलाघाटबाट सूर्यास्तको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ।

महानगरपालिकाले सार्वजनिक गरेको छ रात सात दिनको टुर प्याकेजमा ३० महत्त्वपूर्ण पर्यटकीय गन्तव्य समावेश गरिएका छन्। महानगरपालिकाका पर्यटनविज्ञ सल्लाहकार डा विश्वराज सुवेदीका अनुसार दुई रात तीन दिनका लागि निकुञ्ज तथा सामुदायिक वनमा जङ्गल, जीप, पैदल सफारीलगायतका क्रियाकलाप रहेका छन्। यस प्याकेज अन्तर्गत पर्यटक चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायिक वनमा घुम्नेछन्।

थप एक रात एक दिन बस्नुपर्दा धार्मिक तथा सांस्कृतिक सम्पदाको अवलोकन गराइनेछ। जसमा गणेशधाम, बागेश्वरी, देवघाट, शिवघाट, विक्रम बाबालगायतका धार्मिक पर्यटकीय गन्तव्य घुमाइनेछ। अर्को एक दिन र रात बस्ने पर्यटकका लागि मानवनिर्मित आकर्षणको अवलोकन गराइनेछ। बन्दै गरेको अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, दियालो बङ्गला, साना सङ्ग्रहालयलगायत पर्दछन्। अर्को एक रात र दिन बस्ने पर्यटकका लागि पहाडी क्षेत्रमा हाइकिङ तथा ट्रेकिङ गराइनेछ। जस अन्तर्गत कविलासको ढोडेनी, चौकीडाँडा लगायतका क्षेत्रमा पर्यटकलाई घुमाइनेछ।

सुविधा अनुसार छ रात र सात दिन बस्ने पर्यटकलाई सबै प्याकेजसँग थप राइनो, बीस हजारी, २८ हजार, सिमसारजस्ता तालमा पर्यटकीय गतिविधि गराइनेछ। सुवेदीले भने, "यहाँ सात दिन घुम्ने पर्यटकले सबै आनन्द लिन सक्नेछन्।" पर्यटन क्षेत्रमा यति धेरै विविधता जहाँतहीं पाउन नसकिने सुवेदीको भनाइ छ।

महानगरका उपप्रमुख पार्वती शाह ठकुरीले महानगरभित्रको मेघौली, पटिहानी, बीस हजारी ताल, देवघाट, ज्ञानेश्वर, नारायणी रिभर बीच र चौकी डाँडा सात पर्यटकीय बिन्दुका रूपमा प्रचारप्रसार गरिँदै आएको बताइन्। ती भित्र र बाहिरका अन्य महत्त्वपूर्ण ३० गन्तव्यलाई समावेश गरेर प्याकेज निर्माण गरिएको उनले बताए। उनका अनुसार पर्यटन प्रवर्द्धन महानगरको विशेष प्राथमिकताको क्षेत्रमा परेको छ।

टुर प्याकेज घोषणा एवं स्वर्ण त्रिकोण गन्तव्य प्रवर्द्धन कार्यक्रमको शुभारम्भका अवसरमा प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख काशीराज भण्डारी, उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठलगायतले यहाँको पर्यटकीय महत्त्व र तीन पालिकाबीचको पर्यटकीय सम्बन्धका बारेमा प्रकाश पारेका थिए।

जिल्लाका सरोकारवालासँगै लुम्बिनी र पोखराबाट आएका पर्यटनसँग सम्बन्धित सहभागीले आज दिनभर महानगरका महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको भ्रमण गरे। यसपछि यहाँबाट ती दुई गन्तव्यमा अवलोकन भ्रमण गर्ने कार्यक्रम रहेको छ। लुम्बिनीमा वार्षिक र पोखरामा पनि ठूलो सङ्ख्यामा पर्यटक आउने गर्दछन्। चितवनमा जङ्गल सफारीका लागि दुई लाख हाराहारी पर्यटक वार्षिकरूपमा आउने गर्दछन्। यो सङ्ख्या बढाएर बस्ने अवधि थप गर्न महानगरपालिकाले महत्त्वपूर्ण दुई ठाउँलाई जोडेर पर्यटन प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो।

## सहुलियत पूर्ण कर्जामा उल्लेखनीय वृद्धि

काठमाडौं, ३ पुस/रासस

सहुलियतपूर्ण कर्जा अन्तर्गत कृषिका लागि ऋण लिनेको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। योसँगै कर्जा भुक्तानी नगर्ने ऋणीको सङ्ख्यामा पनि वृद्धि भएको छ। कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरणका लागि सरकारले कृषिमा सहुलियतपूर्ण कर्जा लगानी गर्दै आएको छ। चालू आर्थिक वर्षको पहिलो चार महीनामा कृषि कर्जामा १० दशमलव शून्य दुई प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा कृषि कर्जाको वृद्धिदर करीब सात प्रतिशत थियो। नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले सार्वजनिक गरेको आव २०७८/७९ को पहिलो चार महीनाको तथ्याङ्कमा रु एक खर्ब ३० अर्ब २३ करोड सहुलियतपूर्ण कृषि कर्जा वितरण भएको उल्लेख छ। उक्त कर्जा ५५ हजार ११६ व्यक्तिले प्राप्त गरेका हुन्। विसं २०७८ कात्तिक मसान्तसम्म एक लाख ३३ हजार ९३० ऋणीलाई सहुलियतपूर्ण कर्जा लगानी भई रु दुई खर्ब पाँच अर्ब दुई करोड कर्जा बक्यौतामध्ये झन्डै आधा रकम कृषि क्षेत्रमा बक्यौता रहेको अनुमान छ।

वाणिज्य बैंकले आगामी दुई वर्षपछि कृषि कर्जामा पाँच प्रतिशतले लगानी वृद्धि गर्नुपर्ने मौद्रिक नीतिमा उल्लेख छ। यसअघि राष्ट्र बैंकले १० प्रतिशत अनिवार्य गरेको थियो। नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले गत असार २९ मा प्रस्तुत गरेको मौद्रिक नीतिमार्फत वाणिज्य बैंकले विसं २०८० मा कुल कर्जाको १५ प्रतिशत बजेट कृषि क्षेत्रमा लगानी गर्नुपर्ने उल्लेख छ। विसं २०७८ को असार मसान्तसम्म ११ प्रतिशत कृषि कर्जा लगानी हुँदा कृषि तथा पशुपालनका क्षेत्रमा रु चार खर्ब २५ अर्ब ८३ करोड लगानी गरिएको मौद्रिक नीतिमा उल्लेख छ। उत्पादन अभिवृद्धि, रोजगार सिर्जना र उद्यमशीलता विकासका लागि नेपाल सरकारको ब्याज अनुदानमा सो अवधिमा ४६ हजार ५७ व्यक्ति लाभान्वित भएका छन्। उनीहरूले कुल रु एक खर्ब छ अर्ब ९८ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरेका हुन्।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्था अनुसार आव २०५९/६० देखि राष्ट्र बैंकले वार्षिक मौद्रिक नीति सार्वजनिक गर्दै आएको छ। मौद्रिक नीतिले सहुलियतपूर्ण कृषि कर्जा लिने ऋणीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको जनाएको छ। गत असार मसान्तसम्म सो प्रकारको ऋण लिने किसानको सङ्ख्या १५ हजार ९१६ जना छन् भने उनीहरूसँग रु २९ अर्ब ३६ करोड कर्जा बक्यौता छ। नेपाल सरकारले कृषि कर्जामा पाँच प्रतिशत ब्याजमा अनुदान दिने व्यवस्था गरेको छ। यस वर्ष सहुलियतपूर्ण कर्जाका लागि सरकारले कुल रु एक अर्ब २५ करोड ब्याज अनुदान प्रदान गरेको छ।

कृषि, पशुपालन तथा मत्स्यपालनका लागि किसानसँग वाणिज्य बैंकले १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने मौद्रिक नीतिमा उल्लेख छ। रु १५ लाखसम्मको कृषि, उद्यम तथा व्यवसाय कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाले आधार दरमा दुई प्रतिशत मात्र थप गरी ऋणको ब्याज तोक्न पाउने, कुनै प्रकारको सेवा शुल्क लिन नपाउने र समयअगावै कर्जा भुक्तानी गरेमा अग्रिम भुक्तानी शुल्क लिन नपाइने व्यवस्था मौद्रिक नीतिले गरेको छ।

यसका साथै बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखाले यस प्रकारको कर्जा निवेदन प्राप्त भएको सात दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा ग्राहकलाई स्पष्ट जानकारी दिनुपर्ने व्यवस्था छ।



ठोरी-२ स्थित बुद्ध स्टोन पार्कका संस्थापक बुद्धि गुरुङ ढुङ्गाहरूलाई विभिन्न अवस्थामा सन्तुलन मिलाएर राख्दै । हरेक दिन फुर्सतको समयमा अन्यत्रबाट आफूले सङ्कलन गरी ल्याएका ढुङ्गा तथा काठका जङ्गहरू मिलाउनमा अनि व्यस्त रहन्छन् । तस्वीर: राजेश मिश्र

# खेलकूदको संसार

### शहीद स्मारक 'ए' डिभिजन लिगमा

## मनाङ मर्स्याङ्दी क्लब विजयी

काठमाडौं, ३ पुस/रासस

पोखरा रङ्गशालामा सम्पन्न शहीद स्मारक 'ए' डिभिजन लिगमा शनिवार मनाङ मर्स्याङ्दी क्लब विजयी भएको छ। मनाङ मर्स्याङ्दी क्लब नेपाल पुलिस क्लबविरुद्ध १ गोलका विरुद्ध ३ गोलले विजयी भएको छ।



मनाङका लागि अञ्जन विष्टले दुई गोल गरे भने निशान लिम्बुले एक गोल गरेका थिए। प्रतियोगितामा पुलिस क्लबले पेनाल्टीमार्फत एक गोल गरेको थियो।

यो जीतसँगै मनाङ लिगको शीर्ष स्थानमा पुगेको छ।

आजको खेलको 'म्यान अफ दी म्याच' मनाङका अञ्जन विष्ट घोषित भएका थिए।

## निजगढमा एकीकृत समाजवादीको कमिटी गठन

प्रस, निजगढ, ३ पुस/

निजगढ नगरपालिका वडा नं ६ मा नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीको वडा एकाइ कमिटी गठन भएको छ। शनिवार आयोजित वडा भेलाले कमिटी गठन गरेको हो।

नवगठित १२ सदस्यीय कमिटीका अध्यक्षमा ध्रुवप्रसाद धिताल, उपाध्यक्ष रणबहादुर तिमल्सिना, सचिव मदन रिमाल, सहसचिव सीता अधिकारी रहेका छन्। वडा कमिटीले बाँकी सदस्य थप गरी ४१ सदस्यीय बनाउने निर्णय गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य दिनेश राईले आफूहरूले नेकपा एमालेबाट विद्रोह गरी नयाँ शक्तिका साथ मुलुकभरि सङ्गठन निर्माण गरिरहेको र यसमा न्यायप्रेमी जनताको आकर्षण दिन प्रतिदिन बढिरहेको बताए।

विशिष्ट अतिथि एवं पार्टीका जिल्ला कमिटी अध्यक्ष सुन्दर विकले नेपालमा कम्युनिस्ट पार्टीको स्थापना थोरै सङ्ख्याबाट भएको बताउँदै सुरुआती चरणमा थोरै सङ्ख्या भएपनि परिणाम गुणस्तरीय हुनु आवश्यक रहेको बताए।

सो अवसरमा अर्का विशिष्ट अतिथि छविलाल उप्रेतीले सही कम्युनिस्ट सिद्धान्त बोकी देश, जनता, न्याय, सुशासन विकासका लागि नयाँ पार्टी निर्माण भएको दाबी गरे।




तस्वीर: प्रतीक

कार्यक्रममा पार्टीका जिल्ला कमिटी सदस्यहरू विभा कार्की, अनिल भण्डारी, मानध्वज लामा, ध्रुव यादव, जगत न्यौपाने, पवन विक, दीपक सापकोटा, समाजवादी प्रेस सङ्गठनका जिल्ला सदस्य भरत घिमिरेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। निजगढ नगर कमिटी संयोजक भीमप्रसाद सापकोटाको अध्यक्षतामा भेला सम्पन्न भएको थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## ई-रिक्शा चालकको हत्या अभियोगमा एकजना पक्राउ

प्रस, वीरगंज, ३ पुस/

छुरा प्रहार गरी ई-रिक्शा चालकको हत्या गरेको आरोपमा भारतीय प्रहरीले एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत रक्सौल निवासी सबुलाह अन्सारी रहेको भारतीय प्रहरीले जनाएको छ।

छुरा प्रहारबाट भारतीय नागरिक मुजफ्फरपुर जिल्ला जगरनाथपुर निवासी २४ वर्षीय सुनील साहको मृत्यु भएको थियो। बिहीवार दिउँसो साहमाथि छुरा प्रहार भएको थियो। उनी वीरगंजस्थित आफ्नो दिदीको घरमा बसी ई-रिक्शा चलाउँदै आएका थिए। यात्रु बोकी रक्सौल गएको बेला भारतीय भन्सार तथा भारतीय सीमा सुरक्षा चेकपोस्टनजीकै मोटरसाइकलमा आएका दुईजनाले साहको छातीमा छुरा प्रहार गरेका थिए।

हत्यामा संलग्न सबुलाह अन्सारीलाई बिहीवार राति नै भारतीय रक्सौल प्रहरीले नियन्त्रण लिएको जनाएको छ। घटनामा संलग्न अर्का मुमताज अन्सारी अहिले फरार छन्। घाइते साहको तत्काल उपचार गर्न घटनास्थलनजीकै रक्सौलस्थित डङ्कन हस्पिटलले नमानेपछि नारायणी अस्पतालमा ल्याइएको थियो। यताउता घुमाउँदा घुमाउँदै उपचारमा विलम्ब भएको र अत्यधिक रक्तश्राव भएको कारण साहको ज्यान गएको परिवारजनको भनाइ छ।

पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले घटनास्थल रक्सौलमा रहेको भएपनि उपचारको लागि वीरगंज ल्याइएको हुँदा मृत्युपछि शवलाई शल्यपरीक्षणका लागि रक्सौल प्रहरीको जिम्मा लगाएको बताए।

नेपाली ई-रिक्शा चलाउने भारतीय नागरिक साह आफ्नो दिदीको घरमा बस्दै आएका थिए। प्राप्त जानकारी अनुसार रक्सौलमा नेपाली ई-रिक्शा जान दिने/नदिने विषयमा केही समयदेखि विवाद चल्दै आएको थियो। दुवैतर्फका सङ्घका पदाधिकारीहरूले विवाद मिलाउन नसकेपछि सोही विवादका कारण साहको हत्या भएको हो। मृतक साह ई-रिक्शा ना.२ह ३७९७ नम्बरका चालक हुन्। विवादकै बीच रक्सौल गएका थिए र सोही विषयलाई लिएर साहमाथि अन्सारीले छुरा प्रहार गरेको हुन सक्ने अन्य चालकहरूको अनुमान छ।



मृतक ईरिक्सा चालक सुनिल साह। तस्वीर: फाइल

### को हुन् पक्राउ परेका अन्सारी

हत्या आरोपमा पक्राउ परेका सबदुलाह अन्सारीको ई-रिक्शा वा दुवैतर्फका चालकसँग कुनै किसिमको सम्बन्ध नरहेको रक्सौलतर्फका चालकहरूको भनाइ छ। उनी सीमा क्षेत्र रक्सौलतर्फ बसी सवारीसाधनमा चन्दा असुली गर्थे। रकम नदिनेलाई विभिन्न किसिमका डर, धाक, धम्की देखाउने, तर्साउने गरेका थिए।

उनी पटक-पटक जेल परेका र १० दिनअघि मात्र जेलबाट छुटेको बुझिएको छ। सामान्य किसिमका ठोले गुन्डा अन्सारी रक्सौल-वीरगंज चल्ने भाडाका सवारीहरूसँग रकम असुल्न पल्केका थिए। उनी रक्सौलबाट नेपालमा प्रतिबन्धित लागूऔषध पठाउने धन्धामा पनि संलग्न रहेको प्रहरीको सूचीमा छन्। पैसा लिएर जे पनि गर्ने अंनरीको वीरगंजका केही व्यक्तिसँग राम्रो उठबस रहेकोसम्म पत्ता लागेको प्रहरी स्रोतले जनाएको छ।

## एमालेका केन्द्रीय सदस्यहरूलाई सम्मान

प्रस, वीरगंज, ३ पुस/

नेकपा एमाले वीरगंज महानगर कमिटीले सो पार्टीका दशौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूलाई सम्मान गरेको छ। पर्सा जिल्लाका स्थायी बासिन्दा रही पार्टीका केन्द्रीय सदस्यमा चयन हुन सफल सदस्यहरू निर्मला देवकोटा, प्रभु हजरा, राजकुमार गुप्ता र अरविन्द सिंहलाई शनिवार सम्मान गरेको हो।

वीरगंज-२१ मा आयोजित शुभकामना तथा सम्मान कार्यक्रममा महानगर कमिटीका अध्यक्ष राजेन्द्रप्रसाद यादवले पार्टीका केन्द्रीय सदस्यहरूलाई फूल, माला, अबिर पहिर्याएर मायाको चिनो प्रदान गरेका थिए। सो अवसरमा केन्द्रीय सदस्यहरूले आगामी दिनमा अझ जिम्मेवार भई पार्टी र जनताको काममा लागिपर्ने साथै आउने चुनावमा सूर्य ध्वजावाहक उम्मेदवारलाई जिताउन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जाहेर गरे। उपाध्यक्ष महेश दासले स्वागत गरेको कार्यक्रमको सहजीकरण नगर कमिटीका सचिव सुन्दरप्रसाद कुर्मीले गरेका थिए।




तस्वीर: प्रतीक

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA Exhilarating Hospitality Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ।
- सावधानीपूर्वक सवारीसाधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारीसाधन चलाऔं।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड